नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

मितिः २०८१।११।२५
नेपाल संवत्: ११४५

## विज्ञप्ति

यस मन्त्रालयको मिति २०८०/११/१३ को निर्णयानुसार पोर्चुगलको लिजवन शहरको पर्यटन प्रवर्द्धकका रूपमा नियुक्त श्री रमेशराज बास्तोलाले आफ्नो फेसबुक पेजमा **मिति २०८१/११/२४ उल्लेख भएको "श्री ५ महाराजाधिराज सरकारको शुभकामना सन्देशको स्वागत तथा ऐक्यवद्धता"** विषयक पत्र सार्वजनिक गरी आफ्नो पदीय जिम्मेवारी विपरीत कार्य गर्नुका साथै सरकारी लोगो तथा लेटरप्याडको समेत दुरुपयोग गरेकोमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

सो सम्बन्धमा गैरजिम्मेवारपूर्ण कार्य गरेवापत पर्यटन प्रवर्द्धक सम्बन्धी कार्यविधि, २०७९ को दफा ५ बमोजिम निजलाई पर्यटन प्रवर्द्धकको जिम्मेवारीवाट तत्काल नहटाउनुपर्ने कुनै कारण भए २४(चौबिस) घण्टाभित्र यस मन्त्रालयमा (ईमेल:promotion@tourism.gov.np) लिखित स्पष्टीकरण पेश गर्न निर्देशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

२०८१/११/२५

गोकर्ण प्रसाद उपाध्याय

सहायक प्रवक्ता एवम् सूचना अधिकारी